# पाठ ४: स्प्राइटहरूको स्वरूप बदलौँ

## पाठको अन्त्यसम्ममा विद्यार्थीहरुले यी कुरा गर्न सक्ने छन्

- ✓ कोडमा भएका त्रुटी पहिचान गर्न र सच्च्याउन
- ✓ भएका स्प्राइटहरुको स्वरूप बद्लिन र सरल स्प्राइटहरु बनाउन

## कक्षा भन्दा अघि गर्नु पर्ने तयारी

- ✓ विद्यार्थी गाइडमा यस पाठको अध्ययन गर्नुहोस् र त्यहाँ दिईएका क्रियाकलापहरू आफैले गरेर हेर्नुहोस्।
- ✓ विद्यार्थीहरूले प्रयोग गर्ने सबै कम्प्युटरमा इन्टरनेट राम्रोसँग चल्छ भनेर सुनिश्चित गर्नुहोस्।
- ✓ लेख्नका लागी सेतोपाटी र मार्कर तयार राख्नुहोस्।
- ✓ पाठ्य योजनालाई ध्यानपूर्वक पढ्नुहोस् र भित्र लिंक गरिएका भिडियोहरू हेर्नुहोस्। यी भिडियोहरू शिक्षकहरूलाई यी पाठहरू सञ्चालन गर्ने क्रममा स्क्र्याच सिक्न मद्दत गर्ने उद्देश्यले बनाइएका हुन्।

SCRATCH FOUNDATION

Karkhana Samuha

## 0. विद्यार्थी गाइड खोलौं (५ मिनेट)

✓ विद्यार्थीहरूलाई एड्रेस बारमा यो छोटो URL टाइप गरेर **एन्टर (Enter)** थिच्न भन्नुहोस्: [cd8.notion.site](cd8.notion.site) यस पेजमा विद्यार्थी गाइडका सबै पाठहरू उपलब्ध छन्।

नोट: विद्यार्थीहरूले प्राय: URL टाइप गर्दा त्रुटिहरू गर्ने गर्छन; जस्तै स्पेस थप्ने र एड्रेस बारको सट्टा गुगल सर्च बारमा टाइप गर्ने।

## 1. डिबग गरौं (१० मिनेट)

विद्यार्थीहरूलाई गाइडको चौथो पाठ खोल्न भन्नुहोस् र **डिबग गरेर सुरू गरौं!** खण्ड पढ्न भन्नुहोस्। छोटकरीमा बताउनुहोस् कि कोडमा भएका त्रुटिहरूलाई बग भनिन्छ, र डिबग गर्नु भनेको बगहरुलाई पहिचान गरेर सच्च्याउने प्रक्रिया हो।

गाइडमा दिईएका दुई मध्ये कुनै एक प्रोजेक्टलाई डिबग गर्न भन्नुहोस्। दुबै प्रोजेक्ट अघिल्लो पाठको संवाद सम्बन्धी एनिमेशनमा आधारित छन्।

✓ विद्यार्थीहरूले डिबग गर्दा विभिन्न समूहमा जानुहोस् र आवश्यक भएमा सुझाव दिनुहोस्। समाधान सिधै नदिनुहोस्।

✓ केही विद्यार्थीहरू आफ्नो प्रोजेक्ट डिबग गर्न नभ्याउन सक्छन। यसमा कुनै समस्या छैन। उनीहरूले पछि यसमा काम गर्न सक्छन्।

✓ केही विद्यार्थीहरूले आफ्ना साथीहरूभन्दा चाँडै डिबग गर्नेछन्। उनीहरूलाई अर्को परियोजना पनि डिबग गर्न प्रयास गर्न भन्नुहोस्।

## 2. तयारी गरौं (५ मिनेट)

**स्क्र्याच अकाउन्टमा साइन-इन (प्रवेश)**

विद्यार्थीहरूले स्क्र्याच अकाउन्टमा साइन-इन गर्दा प्राय: सामना गर्ने चुनौतीहरू यी हुन्:

- ✓ पासवर्ड टाइप गर्दा हुने गल्तीहरू
- ✓ CAPTCHA पास गर्न कठिनाई

**अधिक स्पष्टता भएका ब्लकहरूको प्रयोग गर्नुहोस्**

मनिटरहरूमा स्क्र्याचमा स्वत: हुने सेता अक्षर भएका ब्लकहरू पढ्दा आँखामा बढी तनाव पर्छ। काला अक्षर सहितका अधिक स्पष्टता भएका ब्लकहरू पढ्न धेरै सजिलो हुन्छ।

## 3. स्प्राइटलाई बदलौं (६० मिनेट)

विद्यार्थीहरूलाई **स्प्राइटहरूको स्वरूप बदलौं** शिर्षकको खण्ड हेर्न भन्नुहोस्। यसमा निर्देशनहरू, केही अभ्यास र सुझाव छन् जसले उनीहरूलाई स्प्राइटहरुको स्वरूप बदल्न मद्दत गर्छन। दिईएका ५ वटा अभ्यासले विद्यार्थीहरूलाई आवश्यक औजारको प्रयोग गर्न सिकाउँछन्। विद्यार्थीहरूले पाँचैवटा अभ्यास पूरा गर्नु आवश्यक छैन। उनीहरूले आफ्नो फुर्सदमा वा अन्य पाठहरूमा त्यो काम गर्न जारी राख्न सक्छन्।

स्प्राइटको स्वरूप बदल्ने तरिकाहरु सिक्न यो भिडियो हेर्नुहोस्: [Remix and Re-imagine Scratch Sprites | Tutorial]

नोट: केही विद्यार्थीहरूले निर्धारित समय अघि नै सबै अभ्यासहरू पुरा गर्न सक्छन्। उनीहरूलाई स्प्राइटहरूको स्वरूप बदलौं खण्डमा काम गर्न भन्नुहोस्।

## 4. थप रमाइला कुरा (अतिरिक्त क्रियाकलाप)

विद्यार्थीहरूलाई **गर्नका लागी थप रमाइला कुरा** खण्ड पढ्न आग्रह गर्नुहोस्। यस खण्डले तपाईंको कक्षामा फरक तहमा भएका विद्यार्थीलाई सँगै सिकाउन मद्दत गर्दछ। जो विद्यार्थीले पाँचै वटा अभ्यास पुरा गरिसकेका छन्, उनीहरूलाई यस खण्डमा काम गर्न भन्नुहोस्। उनीहरूलाई आफ्नो संस्कृति र पहिचान झल्काउने खालका स्प्राइटहरु बनाउन दिनुहोस्।

आफ्नै स्प्राइट बनाउने तरिका सिक्न यी भिडियोहरु हेर्नुहोस्:

- ✓ Create a Sprite with the Scratch Paint Editor | Tutorial
- ✓ How to Make a Character Designer in Scratch | Tutorial

आफ्नै स्प्राइट बनाए झैं आफ्नै ब्याक्ड्रप पनि बनाउन सकिन्छ। यो भिडियोले विस्तारमा बताउँछ: How to Draw Backdrops in Scratch | Tutorial

कहिलेकाहीं तपाईंले केही विद्यार्थीहरूका लागि पाठ दोहोर्याउनु पर्ने हुन सक्छ। यस्तो बेला अन्य विद्यार्थीहरूले **गर्नका लागी थप रमाइला कुरा** खण्डमा काम गर्न सक्छन्।

## 5. फर्केर हेरौं (१० मिनेट)

विद्यार्थीहरूलाई गाइडको **आजको पाठलाई फर्केर हेरौं** खण्ड पढ्न भन्नुहोस्। चिन्तनका लागी दुईवटा प्रश्नहरू दिइएका छन्। उनीहरूलाई यी प्रश्नहरूमा सोच्न र आफ्नो समूहको साथीसँग छलफल गर्न भन्नुहोस्। उनीहरूलाई आफ्ना विचारहरू नोट गर्न कलम र कागज उपलब्ध गराउँदा उपयोगी हुनेछ।

नोट: उनीहरूलाई आफ्ना विचारहरू नोट गर्न कलम र कागज उपलब्ध गराउँदा उपयोगी हुनेछ।

विद्यार्थीहरू जानुअघि उनीहरूलाई आफ्ना विचार आफ्नो समूहको साथी बाहेक दुई अन्य विद्यार्थीहरूसँग साझा गर्न भन्नुहोस्।